# शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना:** शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोटको मापदण्ड निर्धारण गर्न तथा छनोट भएका विद्यालयहरूमा प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी शैक्षिक उपलब्धिमा सुधार गर्न आवश्यक भएकोले विनियोजन ऐन, २०८० को दफा ९ (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(ख) **"आधारभूत विद्यालय"** भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्दछ ।

(ग) **"माध्यमिक विद्यालय"** भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा बाह्रसम्मको शिक्षा दिइने विद्यालय सम्झनुपर्दछ ।

(घ) **"निर्देशनालय"** भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

(च) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्रका महनगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## आवेदन एवम् छनोट प्रक्रिया

३. **आवेदनको पूर्व सर्तः** यस कार्यविधि बमोजिम शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमका लागि योग्य हुन देहायका सर्त पुरा गरेको हुनुपर्नेछः-

(क) सामुदायिक विद्यालयको रूपमा सञ्चालन भएको हुनुपर्ने छ ।

(ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन भएको हुनुपर्ने छ ।



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

(ग) विद्यालयले नियमित रूपमा सामाजिक परीक्षण र लेखापरीक्षण गरेको हुनुपर्ने छ ।

(घ) विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन सम्बन्धी कार्यक्रमहरू नपाएको हुनुपर्ने छ।

(ङ) विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्ने छ ।

(च) नमुना, आवसीय र ठुला विद्यालयको रूपमा सञ्चालन नभएको हुनुपर्ने छ ।

(छ) माध्यमिक तहका विद्यालयले माध्यमिक तहको र आधारभूत तहका विद्यालयहरूले आधारभूत तहको अनुदानका लागि आवेदन दिनुपर्ने छ ।

(ज) विद्यालयले अनलाइन मार्फत आवेदन फाराम भर्नुपर्ने छ । भरेको आवेदन फाराम रुजु गर्ने कार्य दुईजना शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा तोकिएको एक सदस्य रहेको समितिले गर्नुपर्ने छ । विद्यालयको आवेदन फाराममा उल्लिखित विवरण स्थानीय तहको शिक्षा शाखा/ महाशाखा प्रमुखबाट प्रमाणित भएको हुनुपर्ने छ ।

(झ) प्राप्त अनुदान रकमबाट विद्यालयले शिक्षकलाई ल्यापटप वितरण गर्नेगरी खरिद गर्न, ब्याग खरिद तथा वितरण गर्न, शिक्षक तथा कर्मचारीको तलब भत्ता, शिक्षक तालिम, अभिभावक भेला तथा सचेतना कार्यक्रम, वार्षिक उत्सव, शैक्षिक भ्रमण, भित्ते लेखन, जग्गा खरिद, भवन तथा कक्षाकोठा लगायत भौतिक संरचना निर्माण तथा मर्मत जस्ता कार्यमा खर्च गर्न पाइने छैन ।

(ञ) यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको स्व घोषणा पत्र ।

४. **<u>छनोट तथा सिफारिसका आधारहरू:</u>** यस कार्यविधि बमोजिम शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमका लागि विद्यालय छनोट गर्दा निम्न आधारहरू अवलम्वन गरिनेछः-

(क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूलाई सो कार्यक्रमका लागि सिफारिस तथा छनोट गर्दा अनुसूची-१ र २ मा उल्लेखित **विद्यालय छनोटका सूचक मापनका आधार**लाई अवलम्बन गर्नुपर्ने छ।

(ख) प्राप्त प्रस्तावनाहरूको आवेदन फाराममा उल्लिखित विवरण तथा उपलब्ध विद्यालयगत शैक्षिक तथ्याङ्कका आधारमा माध्यमिक तहका लागि अनुसूची-१ र आधारभूत तहका लागि अनुसूची-२ अनुसार प्रत्येक विद्यालयको मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा विद्यालयलाई घटदो क्रममा सूचीबध्द गर्नुपर्ने छ ।

(ग) अनुसूची- ३ मा उल्लेख भएको विद्यालय वर्गीकरणका आधार अनुसार विद्यालयलाई कमजोर, मध्यम, उत्तम, अतिउत्तम र उत्कृष्ठ अङ्क समूहमा वर्गीकरण गरी उत्तम अङ्कमा पर्ने विद्यालयलाई छनोट गर्ने। यसरी विद्यालय छनोट गर्दा माथिल्लो उत्तम अङ्क प्राप्त गर्ने विद्यालयबाट क्रमशः त्योभन्दा कम अङ्क प्राप्त गर्ने विद्यालयलाई छनोट गर्ने ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

(घ) उत्तम अङ्क प्राप्त गर्ने विद्यालयबाट सम्बन्धित जिल्लालाई छुट्याइएको विद्यालय सङ्ख्या पूरा नभएमा सोही जिल्लाबाट मध्यम अङ्क प्राप्त गर्ने समूहको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्नुपर्नेछ ।

(ङ) बुँदा (घ) अनुसार विद्यालय छनोट गर्दा पनि सम्बन्धित जिल्लालाई छुट्याइएको विद्यालय सङ्ख्या पूरा नभएमा अर्को जिल्लाको क्रमशः उत्तम र मध्यम अङ्क प्राप्त गर्ने समूह मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्नुपर्नेछ ।

(च) कुनै जिल्ला अन्तर्गतका एकभन्दा बढी विद्यालयको अङ्क बराबर भई छनोट हुन नसकेमा विद्याललय स्थापनाको मितिका आधारमा पुरानो विद्यालयलाई प्राथमिकता दिई छनोट गरिने छ।

(छ) कुनै जिल्लाका लागि निर्धारित सङ्ख्यामा विद्यालयहरूको आवेदन नपरेमा आवेदन दिने विद्यालय सङ्ख्याको अनुपातमा अन्य जिल्लाका विद्यालय छनोट गरिने छ ।

५. <u>सिफारिस समितिः</u> (१) शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमका लागि प्राप्त आवेदनलाई दफा ३ एवम् ४ को अधारमा मूल्याङ्कन गरी छनोटको लागि निर्देशक समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहने छः-

(क) शिक्षा विकास निर्देशक - संयोजन
(ख) आर्थिक प्रशासन शाखा प्रमुख, शिक्षा विकास निर्देशनालय -सदस्य
(ग) योजना तथा कार्यक्रम शाखाको अधिकृत, शिक्षा विकास निर्देशनालय -सदस्य सचिव

(२) समितिको बैठकमा आवयकतानुसार बढीमा तीनजना विज्ञ व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा राख्न सकिने छ ।

६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची-४ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न राखी अनलाइन फाराम भर्न कम्तिमा १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने गराउने ।

(ख) दफा ४ मा उल्लेखित छनोट तथा सिफारिका आधारमा विद्यालय सङ्ख्या एकीन गरी विद्यालय छनोटका लागि निर्देशक समितिमा सिफारिस गर्ने

(ग) प्रस्ताव परेका मध्ये विद्यालय छनोट गर्दा यस आ.व. भन्दा अगाडि शैक्षिक उपलब्धिमा आधारित कार्यक्रम र विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम प्राप्त नगर्ने विद्यालयहरुलाई क्रमशः गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका विद्यालयहरुलाई प्राथमिकता दिई छनोटका लागि सिफारिस गर्ने,

(घ) एउटै विद्यालयमा दोहोरो कार्यक्रम नपर्ने गरी सिफारिस गर्ने,

(ङ) छनोट भई आएका विद्यालयहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने

(च) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।



माननीय कुमारी मोक्తान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

(छ) निर्देशक समितिबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने गराउने ।

७. <u>निर्देशक समिति</u>ः शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न र विद्यालय छनोट गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छः-

(क) सामाजिक विकास मन्त्रालयका सचिव -अध्यक्ष
(ख) योजना महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सदस्य
(ग) शिक्षा तालिम केन्द्र प्रमुख – सदस्य
(घ) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना - सदस्य
(ङ) स्थानीय तह शिक्षा शाखा प्रमुख मध्येबाट समितिले मनोनित गरेको एकजना - सदस्य
(च) शिक्षा विकस निर्देशक – सदस्य सचिव

८. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमका लागि नीति तथा योजना तर्जुमा गर्ने
(ख) कार्यक्रमका लागि सामुदायिक विद्यालय सङ्ख्याका अनुपातमा जिल्लागत कोटा निर्धारण गर्ने
(ग) सिफारिस समितिले सिफारिश गरेको सूची आवश्यकतानुसार रुजु गरी विद्यालय छनोट गर्दा दफा ४ लाई आधारमानी छनोट गर्ने
(घ) छनोट भएका विद्यालयहरूसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशनालयमा पठाउने
(ङ) अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## परिच्छेद-३
## <u>कार्यक्रम कार्यान्वयन प्रकृया</u>

९. <u>सम्झौताः</u> (१) छनोट भएका विद्यालयले अनुसूची-५ बमेजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(२) सम्झौतामा अनुदानबाट विद्यालयले सञ्चालन गर्ने कार्यक्रमहरू र त्यसको कार्ययोजना समावेश गर्नुपर्नेछ ।

(३) विद्यालयले सम्झौताको एकप्रति सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्ने छ ।

(४) छनोट भएका विद्यालयहरूमध्ये माध्यमिक तहलाई अधिकतम् १५,००,०००/-(पन्ध्र लाख) र आधारभूत तहलाई अधिकतम् ८,००,०००/-(आठ लाख) सम्म रकम अनुदान दिइनेछ । स्वीकृत अनुदान रकमको पहिलो किस्तामा ५० प्रतिशत र कार्यसम्पन्न भइसकेपछि बाँकी ५० प्रतिशत रकम भुक्तानी दिइनेछ । यसका लागि विद्यालयले कार्यसम्पन्न गरी सम्झौतामा तोकिएको समयभित्र फाँटवारी पेस गरी सक्नुपर्नेछ ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

१०. <u>कार्यान्वयन संयन्त्र:</u> (१) सम्झौतामा पेस गरिएअनुसारका कार्यक्रमहरू कार्ययोजनाअनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्ने छ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नु पर्दछ।

(२) कार्यक्रम कार्यान्वयन गर्दा शैक्षिक उपलब्धि सुधारमा केन्द्रित हुनुपर्नेछ । यसका लागि आवश्यकतानुसार कार्ययोजनाको विस्तृतीकरण गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

(३) गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्र.अ.को हुनेछ ।

११. <u>अनुगमन तथा मूल्याङ्कन:</u> (१) प्रत्येक विद्यालयले यस कार्यक्रमको नतिजा सूची र तिनको सत्यापनका आधार तयार गरी त्यसका आधारमा विद्यालय व्यवस्थापन समितिले तोकेको समिति वा व्यक्तिले नियमित रूपमा अनुगमन गरी मासिक प्रतिवेदन तयार गर्नुपर्दछ भने विद्यालय व्यवस्थापन समितिले कम्तिमा दुई महिनामा एकपटक कार्यान्वयनको समीक्षा गरी आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुपर्दछ।

(२) प्रभावकारी रूपमा कार्यक्रम कार्यान्वयन गर्नका लागि विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विव्यसको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्घको प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्ने छ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन समेत पेस गर्नुपर्ने छ ।

(३) यस कार्यक्रमको अनुगमन सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा विकास तथा समन्वय इकाइबाट पनि हुन सक्ने छ ।

(४) सम्बन्धित विद्यालयहरूले गर्ने खर्च शीर्षकको सीमा/प्रकृति र कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी प्रभावकारिताको मूल्याङ्कन गर्ने आधार अनुसूची-६ बमोजिम हुने छ ।

## परिच्छेद-४
## <u>विविध</u>

१२. <u>खर्च व्यवस्थापन:</u> कार्यक्रम सञ्चालनका लागि मन्त्रालय एवम् निर्देशनालयमा भएको बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्य र अनुगमनमा भएको अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिने छ ।

१३. <u>लेखा तथा लेखापरीक्षण:</u> विद्यालयहरूले शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमको अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणालीअनुसार लेखा राख्नुपर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौडा, नेपाल

१४. **सरकारी बाँकी सरह असुलउपर गरिने**: शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमको अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरित कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिने छ ।

१५. **प्रचलित कानुन बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

१६. **कार्यविधि संशोधन तथा परिमार्जन**: यस कार्यविधिमा उल्लेख भएका आर्थिक विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ४ को खण्ड (क) सँग सम्वन्धित)

**नतिजामा आधारित अनुदानका लागि विद्यालय छनोटका सूचक मापनका आधार (माध्यमिक तह)**

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १.१ कक्षा १० (SEE) को औसत GPA | • औसत GPA १.६ भन्दा कम<br>• औसत GPA १.६ देखि २.४ भन्दा कम<br>• औसत GPA २.४ देखि २.८ भन्दा कम<br>• औसत GPA २.८ देखि माथि | ०<br>१<br>२<br>३ | SEE को अभिलेख |
| १.२ GPA १.६ भन्दा बढी ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी ५० सम्म<br>• ५० भन्दा बढी | ०<br>०.५<br>१<br>१.५ | SEE को अभिलेख |
| १.३ GPA २.८ भन्दा बढी ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी | ०<br>१<br>२<br>३ | SEE को अभिलेख |
| २.१ गत वर्षको तुलनामा औसत GPA वृद्धि | • नबढेको वा घटेको<br>• ० भन्दा बढी ०.१० सम्म | ० | SEE को अभिलेख |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| • | • ०.१० भन्दा बढी ०.२० सम्म<br>• ०.२० भन्दा बढी | १<br>२<br>३ | |
| २.२ गत वर्षको तुलनामा औसत GPA १.६ भन्दा बढी ल्याउने विद्यार्थी प्रतिशत | • नबढेको वा घटेको<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २० सम्म बढेको<br>• २० भन्दा बढीले बढेको | ०<br>१<br>२<br>३ | SEE को अभिलेख |
| ३.१ दुई वर्ष अघिको कक्षा ९ मा भर्ना भएका विद्यार्थीको तुलनामा यस वर्ष SEE पूरा गर्ने प्रतिशत | • ५० भन्दा कम<br>• ५० देखि ७५ भन्दा कम<br>• ७५ देखि ९० भन्दा कम<br>• ९० र सोभन्दा बढी | ०<br>१<br>२<br>३ | IEMIS, विद्यालय अभिलेख |
| ४.१ गत वर्ष विद्यालय सञ्चालन भएको कुल दिनका आधारमा विद्यार्थीको औसत उपस्थिति प्रतिशत | • ७० भन्दा कम<br>• ७० देखि ८० भन्दा कम<br>• ८० देखि ९० भन्दा कम<br>• ९० र सोभन्दा बढी | ०<br>१<br>२<br>३ | विद्यालय अभिलेख |
| ५.१ कक्षाा ९ र १० को प्रति कक्षा औसत विद्यार्थी सङ्ख्या | • २५ भन्दा कम<br>• २५ देखि ४० भन्दा कम<br>• ४० र सोभन्दा बढी | १<br>२<br>३ | IEMIS |
| ६.१ गत वर्ष विद्यालय सञ्चालन भएको कुल दिनका आधारमा शिक्षकको औसत उपस्थिति प्रतिशत | • ८० भन्दा कम<br>• ८० देखि ९० भन्दा कम<br>• ९० देखि ९५ भन्दा कम<br>• ९५ र सोभन्दा बढी | ०<br>१<br>२<br>३ | विद्यालय अभिलेख |
| ७.१ प्रअद्वारा भएको कक्षा अनुगमनको वार्षिक आवृत्ति (प्रअले गरेको कक्षा अवलोकन फारामका आधारमा) | • नभएको<br>• वर्षमा १ पटक<br>• ३ महिनामा एकपटक<br>• महिनामा एकपटक | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

| | | | |
|---|---|---|---|
| ८.१ अभिभावकसँगको बैठक, छलफल तथा सहकार्यको वार्षिक आवृत्ति (अभिलेख जस्तै उपस्थिति /निर्णय पुस्तिकाका आधारमा) | • नभएको<br>• वर्षमा १ पटक<br>• वर्षमा २ पटक<br>• वर्षमा ३ वा सोभन्दा बढी | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| ९.१ वार्षिक शैक्षणिक योजना तयार गर्ने शिक्षक प्रतिशत | • ५० भन्दा कम<br>• ५० देखि ८० भन्दा कम<br>• ८० देखि १०० भन्दा कम<br>• १०० प्रतिशत | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| ९.२ पाठ योजना (सङ्क्षिप्त) तयार गर्ने शिक्षक प्रतिशत | • ५० भन्दा कम<br>• ५० देखि ८० भन्दा कम<br>• ८० देखि १०० भन्दा कम<br>• १०० प्रतिशत | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| १०.१ शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको निरन्तरता | • नभएको<br>• महिनामा १ पटक<br>• नियमित तर हप्ताको १ देखि २ पटक<br>• नियमित तर हप्ताको २ पटकभन्दा बढी | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख, IEMI |
| ११.१ मूल्याङ्कनको निरन्तरता र निर्माणात्मक प्रयोग | • वार्षिक तथा अर्धवार्षिक परीक्षा मात्र<br>• वार्षिक, अर्धवार्षिक परीक्षा / त्रैमासिक परीक्षा<br>• अघिल्लो आधारसहित निरन्तर मूल्याङ्कन भएको तर निर्माणात्मक प्रयोग प्राय नभएको<br>• निरन्तर मूल्याङ्कन भई निर्माणात्मक प्रयोग नियमित हुनाका साथै वार्षिक, अर्धवार्षिक परीक्षा / | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख, IEMI |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| | त्रैमासिक परीक्षा हुने गरेको | | |
| १२.१ शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापनको स्वरूप | • विद्यार्थीलाई विदा दिने वा कुनै गतिविधि नहुने<br>• विद्यार्थीलाई क्रियाकलाप सञ्चालन गर्न दिने<br>• विद्यार्थीलाई कक्षा कार्य दिने<br>• सट्टा शिक्षकको व्यवस्था गर्ने | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| जम्मा अधिकतम अङ्क | | ३६ | |

**<u>द्रष्टव्यः</u> सूचकहरू २.१, २.२, ४.१ र ६.१ मा २०७९ का लागि गत वर्षको तथ्याङ्क अन्तर्गत २०७५ सालको तथ्याङ्क प्रयोग गरिने छ ।**

यस मापनका आधारमा सूचकहरू १.२, ७.१, ८.१, ९.१, ९.२, १०.१, ११.१ र १२.१ प्रत्येकमा अधिकतम १.५ अङ्कका दरले र अन्य सूचकहरू प्रत्येकमा अधिकतम ३ अङ्कका दरले प्राप्त भएको कुल अङ्कका आधारमा विद्यालयलाई घट्दो वा बढ्दो क्रममा सूचीबद्ध गरेर विद्यालय छनोट तथा कार्यान्वयन कार्यविधिअनुसार शैक्षिक नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि विद्यालय छनोट गर्नुपर्ने छ ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

मानननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

अनुसूची-२

(दफा ४ को खण्ड (क) सँग सम्वन्धित)

<u>उपलब्धिमा आधारित अनुदानका लागि विद्यालय छनोटका सूचक मापनका आधार (आधारभूत)</u>

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १.१ कक्षा ८ को स्थनीय तह स्तरीय परीक्षाको औसत GPA | • औसत GPA १.६ भन्दा कम<br>• औसत GPA १.६ देखि २.४ भन्दा कम<br>• औसत GPA २.४ देखि २.८ भन्दा कम<br>• औसत GPA २.८ देखि माथि | ०<br>१<br>२<br>३ | स्थानीय तहबाट सञ्चालित परीक्षाको नतिजा कक्षा ८ |
| १.२ GPA १.६ भन्दा बढी ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी ५० सम्म<br>• ५० भन्दा बढी | ०<br>०.५<br>१<br>१.५ | स्थानीय तहबाट सञ्चालित परीक्षाको नतिजा कक्षा ८ |
| १.३ GPA २.८ भन्दा बढी ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी | ०<br>१<br>२<br>३ | स्थानीय तहबाट सञ्चालित परीक्षाको नतिजा कक्षा ८ |
| २.१ गत वर्षको तुलनामा औसत GPA वृद्धि | • नबढेको वा घटेको<br>• ० भन्दा बढी ०.१० सम्म<br>• ०.१० भन्दा बढी ०.२० सम्म<br>• ०.२० भन्दा बढी | ०<br>१<br>२<br>३ | स्थानीय तहबाट सञ्चालित परीक्षाको नतिजा कक्षा ८ |
| २.२ गत वर्षको तुलनामा औसत GPA १.६ भन्दा बढी ल्याउने विद्यार्थी प्रतिशत | • नबढेको वा घटेको<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २० सम्म बढेको<br>• २० भन्दा बढीले बढेको | ०<br>१<br>२<br>३ | स्थानीय तहबाट सञ्चालित परीक्षाको नतिजा कक्षा ८ |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| ३.१ तीनवर्ष अघिको कक्षा ६ मा भर्ना भएका विद्यार्थीको तुलनामा यस वर्ष कक्षा ८ पूरा गर्ने प्रतिशत | • ५० भन्दा कम<br>• ५० देखि ७५ भन्दा कम<br>• ७५ देखि ९० भन्दा कम<br>• ९० र सोभन्दा बढी | ०<br>१<br>२<br>३ | IEMIS, विद्यालय अभिलेख |
| ४.१ गत वर्ष विद्यालय सञ्चालन भएको कुल दिनका आधारमा विद्यार्थीको औसत उपस्थिति प्रतिशत | • ७० भन्दा कम<br>• ७० देखि ८० भन्दा कम<br>• ८० देखि ९० भन्दा कम<br>• ९० र सोभन्दा बढी | ०<br>१<br>२<br>३ | विद्यालय अभिलेख |
| ५.१ कक्षा १ देखि ८ को प्रति कक्षा औसत विद्यार्थी सङ्ख्या | • २५ भन्दा कम<br>• २५ देखि ४० भन्दा कम<br>• ४० र सोभन्दा बढी | १<br>२<br>३ | IEMIS |
| ६.१ गत वर्ष विद्यालय सञ्चालन भएको कुल दिनका आधारमा शिक्षकको औसत उपस्थिति प्रतिशत | • ८० भन्दा कम<br>• ८० देखि ९० भन्दा कम<br>• ९० देखि ९५ भन्दा कम<br>• ९५ र सोभन्दा बढी | ०<br>१<br>२<br>३ | विद्यालय अभिलेख |
| ७.१ प्रअद्वारा भएको कक्षा अनुगमनको वार्षिक आवृत्ति (प्रअले गरेको कक्षा अवलोकन फारामका आधारमा) | • नभएको<br>• वर्षमा १ पटक<br>• ३ महिनामा एकपटक<br>• महिनामा एकपटक | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडा, नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | |
|---|---|---|---|
| ८.१ अभिभावकसँगको बैठक, छलफल तथा सहकार्यको वार्षिक आवृत्ति (अभिलेख जस्तै उपस्थिति /निर्णय पुस्तिकाका आधारमा) | • नभएको<br>• वर्षमा १ पटक<br>• वर्षमा २ पटक<br>• वर्षमा ३ वा सोभन्दा बढी | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| ९.१ वार्षिक शैक्षणिक योजना तयार गर्ने शिक्षक प्रतिशत | • ५० भन्दा कम<br>• ५० देखि ८० भन्दा कम<br>• ८० देखि १०० भन्दा कम<br>• १०० प्रतिशत | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| ९.२ पाठ योजना (सङ्क्षिप्त) तयार गर्ने शिक्षक प्रतिशत | • ५० भन्दा कम<br>• ५० देखि ८० भन्दा कम<br>• ८० देखि १०० भन्दा कम<br>• १०० प्रतिशत | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख |
| १०.१ शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको निरन्तरता | • नभएको<br>• महिनामा १ पटक<br>• नियमित तर हप्ताको १ देखि २ पटक<br>• नियमित तर हप्ताको २ पटकभन्दा बढी | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख, IEMI |
| ११.१ मूल्याङ्कनको निरन्तरता र निर्माणात्मक प्रयोग | • वार्षिक तथा अर्धवार्षिक परीक्षा मात्र<br>• वार्षिक, अर्धवार्षिक परीक्षा / त्रैमासिक परीक्षा<br>• अधिल्लो आधारसहित निरन्तर | ०<br>०.५<br>१<br>१.५ | विद्यालय अभिलेख, IEMI |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| | मूल्याङ्कन भएको तर निर्माणात्मक प्रयोग प्राय नभएको<br>• निरन्तर मूल्याङ्कन भई निर्माणात्मक प्रयोग नियमित हुनाका साथै वार्षिक, अर्धवार्षिक परीक्षा / त्रैमासिक परीक्षा हुने गरेको | | |
| १२.१ शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापनको स्वरूप | • विद्यार्थीलाई विदा दिने वा कुनै गतिविधि नहुने<br>• विद्यार्थीलाई क्रियाकलाप सञ्चालन गर्न दिने<br>• विद्यार्थीलाई कक्षा कार्य दिने<br>• सट्टा शिक्षकको व्यवस्था गर्ने | ०<br>०.५<br>१<br>१.५ | |
| जम्मा अधिकतम अङ्क | | ३६ | |

**<u>द्रष्टव्य</u>ः सूचकहरू २.१, २.२, ४.१ र ६.१ मा २०७९ का लागि गत वर्षको तथ्याङ्कअन्तर्गत २०७५ सालको तथ्याङ्क प्रयोग गरिने छ ।**

यस मापनका आधारमा सूचकहरू १.२, ७.१, ८.१, ९.१, ९.२, १०.१, ११.१ र १२.१ प्रत्येकमा अधिकतम १.५ अङ्कका दरले र अन्य सूचकहरू प्रत्येकमा अधिकतम ३ अङ्कका दरले प्राप्त भएको कुल अङ्कका आधारमा विद्यालयलाई घट्दो वा बढ्दो क्रममा सूचीबद्ध गरेर विद्यालय छनोट तथा कार्यान्वयन कार्यविधिअनुसार शैक्षिक नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि विद्यालय छनोट गर्नुपर्ने छ ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

## अनुसूची-३

**(दफा ४ को खण्ड (ग) सँग सम्बन्धित)**

**विद्यालय वर्गीकरणका आधार**

| स्तर | कमजोर | मध्यम | उत्तम | अत्युत्तम | उत्कृष्ठ |
|---|---|---|---|---|---|
| अङ्क | १०.८० भन्दा कम | १०.८० देखि १९.८० भन्दा कम | १९.८० देखि २७.०० भन्दा कम | २७.०० देखि ३२.४० भन्दा कम | ३२.४० देखि ३६.०० सम्म |

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-४

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

शिक्षा विकास निर्देशनालय

बागमती प्रदेश, हेटौंडा

**आवेदनको ढाँचा**

१. विद्यालयको नामः                    २. विद्यालयको EMIS सङ्केत नं.:

३. सञ्चालित कक्षाः

४. ठेगाना – गापा /नपाः                    वडा नंः                    स्थानः

५. विद्यार्थी तथा शिक्षक सङ्ख्याः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.१ | २०७७ मा कक्षा ९ को भर्ना | २०७८ मा एसइइमा सहभागी सङ्ख्या | २०७९ को कक्षा ९–१० को जम्मा विद्यार्थी सङ्ख्या | २०७९ को कक्षा ९–१० को जम्मा छात्रा सङ्ख्या | माध्यमिक कक्षा ९–१० मा शिक्षक सङ्ख्या | सत्यापनको आधार तथा पेस गरिएको प्रमाण |
| | | | | | | |
| ५.२ | २०७६ मा कक्षा ६ को भर्ना | २०७८ मा कक्षा ८ को परीक्षामा सहभागी सङ्ख्या | २०७९ को कक्षा ६–८ को जम्मा विद्यार्थी सङ्ख्या | २०७९ को कक्षा ६–८ को जम्मा छात्रा सङ्ख्या | आधारभूत कक्षा ६–८ मा शिक्षक सङ्ख्या | |
| | | | | | | |
| ५.३ | २०७४ मा कक्षा १ को भर्ना | २०७८ मा कक्षा ५ पुरा गर्ने सङ्ख्या | २०७९ को कक्षा १–५ को जम्मा विद्यार्थी सङ्ख्या | २०७९ को कक्षा १–५ को जम्मा छात्रा सङ्ख्या | आधारभूत कक्षा १–५ मा शिक्षक सङ्ख्या | |
| | | | | | | |



माननीय कुमारी मोक्тан
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

६.विद्यार्थीको उपलब्धि

| | | | |
|---|---|---|---|
| ६.१ | २०७५ को एसइइको नतिजामा GPA अनुसारको विद्यार्थी सङ्ख्या | २०७८ को एसइइको नतिजामा GPA अनुसारको विद्यार्थी सङ्ख्या | |
| | | | |
| ६.१ | २०७५ को कक्षा ८ नतिजामा GPA अनुसारको विद्यार्थी सङ्ख्या | २०७८ को कक्षा ८ नतिजामा GPA अनुसारको विद्यार्थी सङ्ख्या | |
| | | | |

७. विद्यार्थीको तथा शिक्षकको उपस्थिति (प्रत्यक्ष कक्षा सञ्चालन भएको दिनका आधारमा)

| | | | |
|---|---|---|---|
| ७.१ | २०७८ को कक्षा ९–१० विद्यार्थीको औसत उपस्थिति | २०७८ मा कक्षा ९–१० मा कक्षा सञ्चालन भएको जम्मा दिन | |
| | | | |
| ७.२ | २०७८ को कक्षा ६–८ विद्यार्थीको औसत उपस्थिति | २०७८ मा कक्षा ६–८ मा कक्षा सञ्चालन भएको जम्मा दिन | |
| | | | |
| ७.३ | २०७८ को कक्षा १–५ विद्यार्थीको औसत उपस्थिति | २०७८ मा कक्षा १–५ मा कक्षा सञ्चालन भएको जम्मा दिन | |
| | | | |
| ७.४ | २०७८ मा औसत शिक्षक उपस्थिति | २०७८ मा विद्यालय सञ्चालन भएको जम्मा दिन | |
| | | | |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

८. अन्य विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| ८.१ कक्षा अनुगमन | नभएको | वर्षमा १ पटक भएको | तीन महिनामा एक पटक भएको | महिनामा एक पटक भएको | |
| प्रअबाट | | | | | |
| सहपाठीद्वारा | | | | | |
| ८.२ अभिभावकसँगको बैठक, छलफल तथा सहकार्यको | नभएको | वर्षमा १ पटक भएको | वर्षमा २ पटक भएको | वर्षमा ३ वा सोभन्दा बढी भएको | |
| | | | | | |
| ८.३ वार्षिक शैक्षणिक योजना | बनाउने नगरिएको | | बनाउने गरिएको | बनाउने गरिएको भए यस वर्ष बनाउने शिक्षक सङ्ख्या | |
| | | | | | |
| ८.४ दैनिक पाठयोजना (सङ्क्षिप्त) | बनाउने नगरिएको | | बनाउने गरिएको | बनाउने गरिएको भए यस वर्ष बनाउने शिक्षक सङ्ख्या | |
| | | | | | |
| ८.५ शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको निरन्तरता | नभएको | महिनामा १ पटक प्रयोग भएको | नियमित तर हप्ताको १ देखि २ पटक प्रयोग भएको | नियमित तर हप्ताको २ पटकभन्दा बढी प्रयोग भएको | |
| | | | | | |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ८.६ विद्यार्थी मूल्याङ्कनको निरन्तरता र निर्माणात्मक प्रयोग | वार्षिक /अर्धवार्षिक परीक्षा मात्र सञ्चालन गरिएको | वार्षिक, अर्धवार्षिक परीक्षा तथा त्रैमासिक परीक्षा सञ्चालन गरिएको | वार्षिक, अर्धवार्षिक परीक्षा/ त्रैमासिक परीक्षासहित निरन्तर मूल्याङ्कन गरिएको तर निर्माणात्मक प्रयोग प्राय नभएको | निरन्तर मूल्याङ्कन गरी निर्माणात्मक प्रयोगसमेत नियमित हुनाका साथै वार्षिक, अर्धवार्षिक परीक्षा/ त्रैमासिक परीक्षा पनि सञ्चालन गरिएको | |
| | | | | | |
| ८.७ शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापन (धेरै जसो हुने) | विद्यार्थीलाई विदा दिने वा कुनै गतिविधि नहुने | विद्यार्थीलाई क्रियाकलाप सञ्चालन गर्न दिने | विद्यार्थीलाई कक्षा कार्य दिने | सट्टा शिक्षकको व्यवस्था गर्ने | |
| | | | | | |

९.यस अनुदानबाट सम्पादन गरिने कार्यहरू:

| सम्पादन गरिने कार्यहरू | सम्पादन गरिने कार्यहरूको सङ्क्षिप्त विवरण |
|---|---|
| | |

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

१०.अभिलेख प्रमाणित गर्ने

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

| | | |
|---|---|---|
| शिक्षकको नामः | प्रअको नामः | विव्यसका अध्यक्ष वा तोकिएको सदस्यको नामः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| शिक्षकको नामः | विद्यालयको छापः | मितिः |
| दस्तखतः | | |

स्थानीय तह शिक्षा शाखा/ महाशाखा प्रमुखबाट प्रमाणित गर्ने व्यक्तिको नामः

| | | |
|---|---|---|
| पदः | दस्तखः | छापः |

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५

(दफा-९ को उपदफा (१) सँग सम्वन्धित)

सम्झौतापत्रको ढाँचा

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा ( जसलाई प्रथम पक्ष भनिएको छ) र जिल्ला ................................ वडा नं. .................. मा सञ्चालित श्री ............................................................................ (जसलाई द्वितीय पक्ष भनिएको छ) बिच शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं, लियौं ।

क. प्रथम पक्षले पालन गर्नु पर्ने सर्तहरु:-

१.विद्यालयलाई प्रस्तावअनुसारको कार्यक्रमको शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि माध्यमिक तहमा अधिकतम रु. पन्ध्र लाख र आधारभूत तहको लागि अधिकतम रु आठ लाखमात्र विद्यालयको खातामा तोकिए अनुसार किस्तामा अनुदान दिइने छ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइने छ बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाइ बमोजिम कार्य सम्पन्न गरेपछि विद्यालयको खातामा अनुदान रकम निकासा गरिने छ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुने छैन र सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले दोस्रो पक्षलाई प्रथम किस्ता वापतको दिएको निकासा रकम बाँकी सरह असुल उपर गरिने छ।

४. विद्यालयले तोकिएको सर्तअनुसारको प्रकृया पुरा गरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम निकासा दिने छ।

५. सम्झौता विपरित कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दिइएको अनुदान रकम असुलउपर गरिने छ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू

१. दोस्रो पक्षले २०८१ जेष्ठ मसान्तभित्र कार्य सम्पन्न गरिसक्नुपर्ने छ।

२. विद्यालयले आफ्नो आवश्यकताका आधारमा क्षेत्र वा क्रियाकलाप छनोट गर्दा शिक्षकलाई ल्यापटप वितरण गर्ने, ब्याग खरिद गर्ने, शिक्षक तथा कर्मचारीको तलब भत्ता, शिक्षक तालिम, अभिभावक भेला तथा सचेतना कार्यक्रम, वार्षिक उत्सव, शैक्षिक भ्रमण, भित्ते लेखन, जग्गा खरिद, भवन तथा कक्षाकोठा लगायत भौतिक संरचना निर्माण तथा मर्मत जस्ता कार्यमा बाहेक अन्य पुँजीगत कार्यमा यो अनुदान खर्च गर्नुपर्ने छ ।

३. विद्यालयले शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमका लागि स्थानीय तह र शिक्षा विकास निर्देशनालयसँग समन्वय गरी सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नुपर्ने छ।



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

४. प्रस्तावमा पेस गरिएअनुसारका कार्यक्रमहरू कार्ययोजनाअनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्ने छ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ।

५. कार्यक्रम कार्यान्वयन गर्दा शैक्षिक उपलब्धि सुधारमा केन्द्रित हुनुपर्ने छ । कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्ने छ ।

६. गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्र.अ.को हुने छ ।

७. शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि विद्यालयले लागत अनुमान तथा Specification (आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहमा कार्यरत प्राविधिकहरूबाट) तथा अन्य आवश्यक कागजात विद्यालय व्यवस्थापन समितिबाट अनुमोदनगराई प्रधानाध्यापकवाट स्वीकृत गरी अगाडि बढाउनु पर्ने छ ।

८. यस कार्यक्रमको नतिजा सूची र तिनको सत्यापनका आधार तयार गरी त्यसका आधारमा विद्यालय व्यवस्थापन समितिले तोकेको समिति वा व्यक्तिले नियमित रूपमा अनुगमन गरी मासिक प्रतिवेदन तयार गर्नुपर्दछ भने विद्यालय व्यवस्थापन समितिले कम्तिमा दुई महिनामा एकपटक कार्यान्वयनको समीक्षा गरी आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुपर्दछ।

९. विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विव्यसको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्घको प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्ने छ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्ने छ ।

१०. विद्यालयले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्ने छ ।

११. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजानिक निर्माण तथा खरिद सम्बन्धी प्रचलित ऐन नियम ( संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्ने छ।

१२. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य समेत स्वत विद्यालयको नै हुने छ।

१३. दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नुपर्ने छः-

(क) स्वीकृत खरिद लागत अनुमान, स्पेसिफिकेसन अथवा मूल्य सूचीअनुसारको कार्य सम्पन्न भई शिक्षकहरूको स्टाफ बैठकले शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रमनिर्माण भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि र स्थानीय तहले कार्य सम्पन्न भएकोले भुक्तानीका लागि सिफारिस गरेको पत्र ।

(ख) विद्यालय व्यवस्थापन समितिबाट लागत अनुमानस्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार कार्य सम्पन्न भएको भन्ने निर्णय र आवश्यकताअनुसार सम्बन्धित प्राविधिक प्रतिवेदन ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

(ग) बिल भपाईको प्रध्यानध्यापकबाट प्रमाणित प्रतिलिपि ।

(घ) सञ्चालन भएका क्रियाकलापहरू र खरिद गरी स्थापना गरिएको सामानहरूको फोटाहरू।

(ङ) सामान खरिदको हकमा जिन्सी दाखिला गरेको दाखिला प्रतिवेदन ।

(च) विद्यालयले कार्य सम्पन्न गर्दा गरेको सम्पुर्ण कामको रकमसहितको कार्य सम्पन्न प्रतिवेदन ।

<u>सम्झौता गर्ने व्यक्तिहरू</u>

| शिक्षा विकास निर्देशनालयको तर्फबाटः | विद्यालयको तर्फबाटः |
|---|---|
| १. निर्देशकको नाम | १ व्यवस्थापन समितिको अध्यक्षको नाम |
| हस्ताक्षर ................................ | हस्ताक्षर............................ |
| २. योजना तथा कार्यक्रम शाखा प्रमुखको नामः | २.प्रधानाध्यापको नाम |
| हस्ताक्षर...................................... | हस्ताक्षर........................................ |
| ३. लेखा प्रमुखको नामः | |
| हस्ताक्षर....................................... | |

सम्झौता सम्पन्न भएको मितिः२०८० ।      ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

अनुसूची-६

(दफा-११ को खण्ड (४) सँग सम्बन्धित)

**खर्च शीर्षकको सीमा/प्रकृति, अनुगमन एवम् मूल्याङ्कनको आधार**

सम्बन्धित विद्यालयले कार्यक्रममा समावेश हुने क्षेत्र वा क्रियाकलापको छनोट गर्दा विद्यार्थीको सिकाइ क्रियाकलापमा परिमार्जन गरी नतिजा सुधारमा केन्द्रित हुनुपर्ने छ । सम्बन्धित विद्यालयले आफ्नो आवश्यकताका आधारमा क्षेत्र वा क्रियाकलाप छनोट गर्दा जग्गा खरिद भवन तथा कक्षाकोठा लगायत भौतिक संरचना निर्माण तथा मर्मत बाहेकका अन्य पुँजीगत कार्यमा यो अनुदान खर्च गर्नुपर्ने छ । केही उदाहरणहरू

- विद्यार्थीका लागि फर्निचर/ फर्निसिङ
- स्मार्टबोर्ड लगायत कक्षाकोठाको व्यवस्थापन सुधार
- शैक्षणिक सामग्री तथा प्रविधि
- डिजिटल सिकाइ सामग्री
- पुस्तकालय (बालविकासदेखि कक्षा १२ सम्मका सन्दर्भ सामग्रीहरु) सुदृढीकरण ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री